# नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश

**Federation of Nepalese Chambers of Commerce and Industry-Sudurpaschim Province**

२०७९/११/१०

पत्र संख्या: ०७९।०८०

चलानी नम्बर: १८४

श्री सदस्य महानुभावहरु,
नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश

**विषय: प्रदेश उद्योग वाणिज्य महासंघको प्रदेश सभा एवं निर्वाचन सम्वन्धी सूचना पठाएको सम्वन्धमा।**

महोदय,

उपरोक्त विषय सम्वन्धमा यस प्रदेश उद्योग वाणिज्य महासंघको प्रदेश सभा सहित निर्वाचन कार्य सम्पन्न गर्न केन्द्रीय महासंघवाट प्रदेश कार्यकारिणी समितिको निर्वाचन कार्य सम्पन्न गर्नु भनि निर्देशन आएको हुंदा मिति २०७९ साल माघ २७ गते वसेको प्रदेश कार्यकारिणी समितिको वैठकले **यही २०७९ साल चैत्र ११ गते (March 25, 2023) शनिबारका दिन .धनगढीमा** गर्ने गरि निर्णय भए अनुसार प्रदेश सभाको सूचना पठाईएको छ।

प्रदेश महासंघको यस प्रदेश सभामा महासंघको विधान २०४९(छैठौं संशोधन सहित) को दफा ४१.१(ग) र प्रदेश नियमावलीको नियम १६,१७,१९ र ३१ अनुसार अध्यक्ष, उपाध्यक्षहरु, कोषाध्यक्ष र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन समेत हुने भएकोले निर्वाचन तथा अन्य कार्यक्रम निम्न अनुसार हुने छ।

**(क) प्रदेश सभा एवं निर्वाचन सम्वन्धी कार्यक्रम:**

(क)१ २०७९ साल चैत्र ११ गते शनिबार प्रदेश सभाको समुद्घाटन हुने।

(क)२ २०७९ साल चैत्र ११ गते शनिबार समुद्घाटन कार्यक्रम पश्चात प्रदेश महासंघको नियमावली २०७३(प्रथम संशोधन) को नियम १६ अनुसारको प्रदेश सभा सम्वन्धी कार्यकम सोही दिन सम्पन्न हुने छ।

(क)३ २०७९ साल चैत्र ११ गते शनिबार निर्वाचन अधिकृतहरुले निर्धारण गरेको समय तालिका अनुसार प्रदेश महासंघको अध्यक्ष, उपाध्यक्षहरू, कोषाध्यक्ष र कार्यकारिणी समितिका सदस्यहरूको निर्वाचन सम्वन्धी कार्यकम।

**(ख) उम्मेद्वारी मनोनयन, सदस्यता नविकरण, सभामा प्रतिनिधित्व र शुल्क सम्बन्धमा:**

(ख)१ यस प्रदेश सभामा माथि खण्ड (क)३ अनुसार अध्यक्ष, उपाध्यक्षहरु, कोषाध्यक्ष र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन हुने भएकोले अध्यक्ष, उपाध्यक्षहरु, कोषाध्यक्ष र कार्यकारिणी समितिका सदस्यको निर्वाचनमा उम्मेद्वार मनोनयन गर्न इच्छुक सदस्य संघ/संस्थाहरुले आ.व. २०७९/८० सम्मको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र उम्मेदवारी शुल्क सहित मनोनयन–पत्र र प्रतिनिधि–पत्र प्रदेश सभा हुनु भन्दा **७ दिन अघि अर्थात २०७९ साल चैत्र ४ गते सांझ ५:०० बजे भित्र प्रदेश महासंघको सचिवालयमा** दर्ता गराई सक्नु पर्नेछ।

यसै समय भित्र मनोनयन-पत्र, प्रतिनिधि-पत्र र सम्वन्धित संघको कार्यकारिणी समितिको वैठकको निर्णयको प्रतिलिपि फ्याक्स तथा ई–मेलवाट पनि पठाउन

Dhangadhi-5, Taranagar, Kailali
Tel No.: 091-524533
E-mail: pradesh7cci@gmail.com

धनगढी-५, तारानगर, कैलाली
फोन नं.: ०९१-५२४५३३
ई-मेल: pradesh7cci@gmail.com

STOP Child Labour

सकिनेछ। तर यी सबै कागजातको सक्कल प्रतिहरु साधारण सभा शुरु हुने ३ ( तीन) दिन अघि अर्थात २०७९ साल चैत्र ८ गते सांझ ५:०० बजे भित्र प्रदेश महासंघको सचिवालयमा आई पुग्नु पर्नेछ। त्यस्तो कागजातको सक्कल प्रति प्राप्त नभएमा त्यस्ता उम्मेदवारको मनोनयन पत्र रद्द गरिने छ।

(ख)२ सभामा जिल्ला/नगर उद्योग वाणिज्य संघ एवं वस्तुगत संघको हकमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्ने व्यवस्था रहेकोछ। अध्यक्ष स्वयं उपस्थित हुन नसक्ने अवस्थामा प्रदेश महासंघको नियमावली २०७३(प्रथम संशोधन सहित) को नियम १९ को उपनियम ३ अनुसार सम्वन्धित सदस्य संघको कार्यकारिणी समितिले आफू मध्येवाट प्रतिनिधि छानि मुख्य प्रतिनिधि सहितको प्रतिनिधिमण्डलको नाम पठाउनु पर्ने छ। साथै निर्णयको प्रमाणित प्रतिलिपि समेत प्रतिनिधि पत्र साथ संलग्न गर्नु पर्नेछ।

(ख)३ प्रदेश महासंघको नियमावली (प्रथम संशोधन सहित)को नियम १९ को उपनियम ५ अनुसार निर्वाचनमा उम्मेदवार खडा गर्ने सदस्यहरुले आफ्नो तर्फवाट निर्वाचनमा खडा गर्ने उम्मेदवारलाई समेत प्रतिनिधिमण्डमा समावेश गरी प्रतिनिधिमण्डल पठाउनु पर्नेछ।

प्रदेश महासंघको प्रदेश सभामा निम्न संघ /संस्थावाट निम्न संख्यामा प्रतिनिधिमण्डल पठाउन सक्ने छ :

- जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुले मुख्य प्रतिनिधि सहित–..३..जना १..मुख्य प्रतिनिधि र .२.. अतिरिक्त प्रतिनिधि)
- वस्तुगत संघहरुले मुख्य प्रतिनिधि सहित–..२.जना(..१. मुख्य प्रतिनिधि र १... अतिरिक्त प्रतिनिधि)
- एशोसिएट सदस्यले मुख्य प्रतिनिधि–...१ जना

(ख)४ प्रदेश महासंघको नियमावली अनुसार एशोसिएट सदस्यको हकमा सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य, कार्यकारी- संचालक, कार्यकारी प्रमुख, महाप्रवन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधि नियुक्त गरी संस्थाको तर्फवाट अधिकार प्राप्त व्यक्तिले मनोनयन गरी पठाउनु पर्नेछ।

(ख)५ सदस्यहरुले आ.व. २०७९।८० सम्मको प्रदेश महासंघको वार्षिक सदस्यता शुल्क २०७९ साल चैत्र ४ गते सांझ ५:०० वजे भित्र प्रदेश महासंघको सचिवालयमा वुझाई सकेको हुनु पर्ने र प्रतिनिधी पत्र र प्रतिनिधी शुल्क भने चैत्र ८ गते साँझ ५:०० वजे सम्मं बुझाई सक्ने पर्नेछ। उम्मेदवार उठाउने सदस्य संघको हकमा यी सवै शुल्क चैत्र ४ गते भित्र वुझाई सकेको हुनुपर्नेछ। शुल्क प्राप्त नभएमा त्यस्तो उम्मेदवारको मनोनयन पत्र वैधानिक मानिने छैन।

**नोट : चैत्र ४ गते पछि वार्षिक सदस्यता शुल्क बुझाउने सदस्यहरुले निर्वाचनमा सहभागी हुन पाउने छैनन्।**

(ग) <u>प्रतिनिधि शुल्क:</u>

प्रदेश सभामा भाग लिने प्रतिनिधिको लागि प्रतिनिधि शुल्क वापत संघ/संस्थाका प्रति व्यक्ति रु २५००।- (अक्षरेपी .दुई हजार पाँच सय मात्र) प्रतिनिधि शुल्क लाग्ने छ।

**प्रदेश नियमावलीको नियम १९ को उपनियम ६ अनुसार मुख्य प्रतिनिधिले मात्र निर्वाचनमा मतदान गर्न पाउने छन्। अतिरिक्त प्रतिनिधिले निर्वाचनमा मतदान गर्न पाउने छैनन्।**

(घ) <u>मनोनयन शुल्क</u>

नेपाल उद्योग वाणिज्य महासंघ सुदूरपश्चिम प्रदेश वि.सं. २०२२ नेपाल

निर्वाचनको लागि मनोनयन गर्दा निम्न बमोजिम मनोनयन शुल्क लाग्ने छ :

क) अध्यक्ष पदको लागि–रु. २०००००।- (अक्षरेपी रु दुई लाख मात्र)

ख) उपाध्यक्ष पदको लागि–रु १०००००।- (अक्षरेपी रु एक लाख मात्र)

घ) कोषाध्यक्ष पदको लागि–रु ७५०००।- (अक्षरेपी रु पचहत्तर मात्र)

ग) कार्यकारिणी समिति सदस्य पदको लागि–रु २५०००।- (अक्षरेपी पच्चीस हजार मात्र)

(उम्मेदवारी फिर्ता लिए पनि उम्मेदवारी बापतको शुल्क फिर्ता हुने छैन ।)

(ङ) **मनोनयन हुने उम्मेदवारको लागि आवश्यक योग्यता**

अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र कार्यकारिणी समिति सदस्य पदको लागि उम्मेद्वार हुन प्रदेश महासंघको नियमावली २०७३ (प्रथम संशोधन सहित)को नियम २१ को क्रमश: उपनियम १, २,३ र ४ बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ। तर प्रदेश महासंघको नियमावलीको नियम ५३ अनुसार महासंघको विधान (पांचौं संशोधन) लागू हुनु भन्दा अगावै महासंघको अध्यक्ष, उपाध्यक्ष र कार्यकारिणी समिति सदस्य भई सकेकाहरुको हकमा यस नियमावली नियम २१.१(ख), २१.२(ख), २१.३(ख) र २१.४(च) मा उल्लेखित व्यवस्था लागू हुने छैन। प्रदेश नियमावलिको नियम १९को (५)(क) को कार्यकारिणी समितिको निर्वाचनमा सदस्यको तर्फवाट उम्मेदवार खडा गर्दा प्रदेश महासंघको सदस्यले कार्यकारिणी समितिको निर्वाचित हुने पदहरू मध्ये कुनै एक पदमा मात्र उम्मेदवार खडा गर्न पाउने छ।

**प्रस्ताव:-**

**प्रदेश सभामा विचारार्थ पेश गर्नुपर्ने प्रस्तावहरु भएमा प्रदेश सचिवालयमा २०७९ साल फागुन २७ गते भित्र आई पुग्ने गरी पठाउनु हुन अनुरोध छ।**

यस प्रदेश महासंघको प्रदेश सभामा समुद्घाटन कार्यकमका साथै वन्द शत्र एवं निर्वाचनको कार्य हुने भएको जानकारी गराउंदै प्रदेश सभामा भाग लिने र निर्वाचनमा उम्मेदवार खडा गर्ने संघ/संस्थाहरुले उपरोक्त अनुसारको व्यवस्था सहित उल्लेखित समय भित्र नै प्रतिनिधि पत्र, प्रतिनिधि शुल्क, मनोनयन पत्र, मनोनयन शुल्क, वार्षिक सदस्यता

शुल्क पठाउनु भई प्रदेश महासंघको प्रदेश सभामा सहभागी हुने व्यवस्थाका लागि अनुरोध गर्दछु।

**संलग्न:**

१ प्रतिनिधि पत्र थान १(एक)।

२.मनोनयन पत्र थान ४(चार)।

भवदीय,

ज्योती भट्ट

कार्यकारी निर्देशक

**बोधार्थ:**

श्री नेपाल उद्योग वाणिज्य महासंघ।

श्री अध्यक्षज्यू, नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश।

श्री उपाध्यक्षज्यूहरु, नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश।

श्री कोषाध्यक्षज्यू, नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश।

श्री कार्यकारिणी समितिका सदस्यज्यूहरु, नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश।

नेपाल उद्योग वाणिज्य महासंघ सुदूरपश्चिम प्रदेश
वि.सं. २०२२ नेपाल